भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-२०७८/७९
च.नं.:-६२९

मिति :- २०७८/०८/०५

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७८/७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने *कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सम्बन्धी सूचना* र संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम *आ.व.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालन सम्बन्धी सूचना* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी *कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त *कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना* र *आ.व.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालन सम्बन्धी सूचना* थान २ (दुई) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


## कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति :- २०७८/०८/०५

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७८/७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने *५०% अनुदानमा गोला सहितको मौरी घार तथा औजार उपकरण वितरण, च्याउ वीउ वितरण, दाँते ओखर साईन खरिद, फलफूल बगैचा व्यवस्थापन तथा सुधार, प्लाष्टिक टनेल वितरण, हिउँदे/बर्षे फलफुल विरुवा वितरण, कृषि औजार तथा यन्त्र उपकरणहरु (थ्रेसर, कम्बाईन मिल, कर्णसेलर, सिडबिन, डिगर, हाते आरी, सिकेचर, चक्कु, कैची) वितरण कार्यक्रमहरु*मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/०८/२० गते)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्व) तथा सम्बन्धित वडा कार्यालयमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपशिल:

पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

१. *५०% अनुदानमा गोला सहितको मौरी घार तथा औजार उपकरण वितरण, च्याउ वीउ वितरण, दाँते ओखर साईन खरिद, फलफूल बगैचा व्यवस्थापन तथा सुधार, प्लाष्टिक टनेल वितरण, हिउँदे/बर्षे फलफूल विरुवा वितरण, कृषि औजार तथा यन्त्र उपकरणहरु (थ्रेसर, कम्बाईन मिल, कर्णसेलर, सिडबिन, डिगर, हाते आरी, सिकेचर, चक्कु, कैची) वितरण* कार्यक्रमहरुका लागि:

- कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप ।
- कृषकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा सञ्चालक तथा अध्यक्षको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा गत आ.व. २०७७/७८ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

.....................
स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

कौशल कुमार तिवारी
नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागि:

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- मो.नं. ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- मो.नं. ९८१३६०८६९६
३. ना.प्रा.सं.- शिखर विश्वकर्मा :- मो.नं. ९८०६२९११२५

पुनश्च:

- व्यक्तिगत कृषक/कृषि फार्मको हकमा गोला सहितको मौरी घार तथा औजार उपकरण ३-५ वटा, च्याउ बीउ ५-१० प्याकेट, दाँते ओखर साईन १००-२०० वटा, फलफूल बगैचा व्यवस्थापन तथा सुधार तर्फ २-४ के.जी. निलोतुथो, कृषि चुन, तेल, प्लाष्टिक टनेल १-२ वटा, हिँउदे/बर्षे फलफूल बिरुवा १५-३० वटा, कृषि औजार तथा यन्त्र उपकरणहरु हाते आरी, सिकेचर, चक्कु, कैंची १-२ सेट, थ्रेसर, कम्बाईन मिल, कर्ण सेलर, सिडबिन, डिगर १ वटा ।

- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा गोला सहितको मौरी घार तथा औजार उपकरण ५-१० वटा, च्याउ बीउ १५-३० प्याकेट, दाँते ओखर साईन ३००-४०० वटा, फलफूल बगैचा व्यवस्थापन तथा सुधार तर्फ ३-६ के.जी. निलोतुथो, कृषि चुन, तेल, प्लाष्टिक टनेल ५-१० वटा, हिँउदे/बर्षे फलफूल बिरुवा ३००-४०० वटा, कृषि औजार तथा यन्त्र उपकरणहरु हाते आरी, सिकेचर, चक्कु, कैंची ५-१० सेट, थ्रेसर, कम्बाईन मिल, कर्ण सेलर, सिडबिन, डिगर २ वटा सम्म माग गर्नुपर्नेछ ।

- च्याउ बीउ, दाँते ओखर साईन, फलफूल बगैचा व्यवस्थापन तथा सुधार, हिउँदे/बर्षे फलफूल बिरुवा, कृषि औजार तथा यन्त्र उपकरणहरु हाते आरी, सिकेचर, चक्कु, कैंची वितरण कार्यक्रमहरु माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्नुपर्नेछ ।

- उल्लेखित कार्यक्रमहरु माग सम्बन्धमा निवेदनको ढाँचा/नमूना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) तथा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।